# आर्थिक वर्ष २०७४।७५को लेखापरीक्षण प्रारंभिक प्रतिवेदन

| कायांलय र स्थानः | पदाधिकारी | | अवधि | | वेरुजू रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक | प्रमुख प्रशासकीय अधिकृत | महेश बराल | २०७४।४।१ | २०७५।३॥३२ | ७७६२८७४।०० |
| आर्थिक वर्ष : २०७४।०७५ | लेखा प्रमुख | विष्णु कुमार श्रेष्ठ | २०७४।४।१ | २०७५।३।२ | |
| | | धन बहादुर वस्नेत | २०७५।३।३ | २०७५।३।३२ | |

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न **धुलिखेल नगरपालीका**को स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालीका अर्न्तगत १२ वडा रहेको ६५ नगरसभा सदस्य, ५५ व.की.मी. क्षेत्रफल, ३२१६२ जनसंख्या र ३ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२  वमोजिम नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता समेतको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | सि.नं. | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २५६१०७२३ | १ | **चालु खर्च** | ० | ३३३६०८४७३ |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | | ९००१३३५६ |
| | ख) बैंक | २५६१०७२३ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ४१२९१८९४ | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | ४१२९१८९४ | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्व बाँडफाँड | ० | | | ग) अन्य भुक्तानी | ० | |
| | ग) अन्य आय | ० | | ४ | **धरौटी फिर्ता** | | २६७६७८० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३९९२४४६४९ | ५ | **कोष खर्च** | | ५२२७५७७ |
| | क)वित्तीय समानीकरण अनुदान | १७२२२३००० | | ६ | **मौज्दात** | | ५७९३८५११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | १७३१३५६४९ | | | क) नगद मौज्दात | ० | |
| | ग) समाजकल्याण कार्यक्रम | ३००००० | | | ख) बैंक मौज्दात | ५७९३८५११ | |
| | घ) स्था.शासन तथा सा.वि.का. | ६००००० | | | | | |
| | ङ) स्था.शासन तथा सा.वि.का. | १९५५००० | | | | | |
| | च) सामाजिक सुरक्षा | ५१०३१००० | | | | | |
| **४** | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| **५** | **जनसहभागिता (नगद)** | | १४४५८३९९ | | | | |
| **६** | **विषयगत निकायबाट प्राप्त रकम** | | ५४०२७७४ | | | | |
| | क) नेपाल पर्यटन बोर्ड | ५००००० | | | | | |
| | ख) सडक बोर्ड | ४९०२७७४ | | | | | |
| **७** | **धरौटी आय** | | ३४५६२६० | | | | |
| **८** | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | | **४८९४६४६९८** | | **जम्मा** | | **४८९४६४६९८** |

उल्लिखित आर्थिक कारोवारको पेश भएसम्मका स्रेस्ताको आधारमा लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्वन्धमा सम्वन्धित पदाधिकारीहरु समेतको उपस्थितिमा मिति२०७५।१०। मा छलफल गरी कायम भएका व्यहोरा निम्नअनुसार रहेका छन् :

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td>लेखापरीक्षणको क्रममा असुलीः बिगत र यस आ.व.मा बैक मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानीको लागि नगरपालिकामा रहेको सूचीको आधारमा बैङ्कमा पठाईएको रकममध्ये निर्देशिकाले तोकेको अवधीमा लाभग्राही सम्पर्कमा नआई बैङ्कमा निस्क्रिय रहेको रु.२५,४३,८४०।७१ र विभिन्न कार्यक्रममा बढी भुक्तानी भएको रकम फिर्ता भएको रु.६८४९५ समेत रु. २६,१२,३३५।७१ लेखापरिक्षणको समयमा संघीय संचित कोषमा र रु.७५,७१२।- स्थानीय संचित कोषमा दाखिला भएको छ ।</td><td></td><td></td></tr>
<tr><td>१.</td><td>जिम्मेवारीः स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । हाल नगरपालिकामा गाभिन आएका साविक गाउँ विकास समितिको बैङ्क खातामा आ.व. २०७३।७४को अन्यमा मौज्दात रहेको देहायका रकम आ.व. २०७४।७५मा पुरै जिम्मेवारी नसारी घटी सारेको पाइएकोले सम्पूर्ण रकम नगरपालिकाको संचित कोषमा दाखिला गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>निकाय</th><th>मौज्दात रहेको</th><th>जिम्मेवारी सरेको</th><th>फरक</th><th>२०७५।७६मा दाखिला</th></tr>
<tr><td>धुलिखेल नगरपालिका</td><td>२५६१०७२३।०७</td><td>२५६१०७२३।०७</td><td>०।००</td><td></td></tr>
<tr><td>साविक देविटार गा.वि.स.</td><td>११६५४७३।११</td><td>३१२०८०।००</td><td>८५३३९३।११</td><td></td></tr>
<tr><td>साविक रविओपी गा.वि.स.</td><td>१९१९१७।२९</td><td>१९१९१७।२९</td><td>०।००</td><td></td></tr>
<tr><td>साविक शारदावतासे गा.वि.स.</td><td>१५३२७२६।६०</td><td>०।००</td><td>१५३२७२६।६०</td><td>९४५४१६।००</td></tr>
<tr><td>साविक पात्लेखेत गा.वि.स.</td><td>१४८७९१८।२६</td><td>०।००</td><td>१४८७९१८।२६</td><td></td></tr>
<tr><td>साविक संखुपाटी गा.वि.स.</td><td>४७००८३।९०</td><td>०।००</td><td>४७००८३।९०</td><td></td></tr>
<tr><td>जम्मा</td><td>४८४८११९।१६</td><td>५०३९९७।२९</td><td>४३४४१२१।८७</td><td>९४५४१६।००</td></tr>
</table></td><td>३३९८७०५.८७</td><td></td></tr>
<tr><td>२.</td><td>बैङ्क खाता संचालनः कार्यालयले प्रत्येक महिना बैङ्क विवरण प्राप्त गरी स्रेस्तासंग भिडान गर्नु पर्नेमा त्यस्तो गर्ने नगरेकोले वर्षको अन्त्यमा स्रेस्ताले देखाएको मौज्दात रु.५,७९,३८,५११।४५ बैङ्क विवरणसंग भिडे नभिडेको यकिन गर्न सकिएन ।<br>कार्यालयको विवरण अनुसार हाल विभिन्न बैङ्कमा २० वटा खाता रहेकोमा ९ खाता बेचल्ती रहेको र सोमध्ये पनि एउटामा १० पैसामात्र र एउटामा सुन्य मौज्दात रहेको पाइयो । विवरण अनुसार कर्मचारी कल्याण कोष, मर्मत संभार कोष, सार्वजनिक निजी साझेदारी कोष, वातावरण तथा पर्यटन प्रवर्द्धन कोष, खेलकुद तथा स्वास्थ्य कोष, गरिवी न्यूनिकरण कोष, लैङ्गिक समानता तथा सामाजिक समावेशी कोष,</td><td></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | जात्रा पर्व विशेष कोष र प्राकृतिक प्रकोप कोष समेत ९ वटा कोषको नाममा बैङ्क खाता सञ्चालनमा रहेको छ । आवश्यकताभन्दा बढी खाता राख्नाले लेखा अभिलेख राख्न तथा भिडान गर्न अनावश्यक श्रम र समय लाग्ने र प्रशासकीय कार्यबोझ बढ्ने भएकोले हालको बैङ्क खाताको संख्या पुनरावलोकन हुनु पर्दछ । | | |

३. **ऋणको हिसावः** नगर विकास कोषको प.सं. २०७५।७६ च.नं. ५०५ मिति २०७५।९।१५ को पत्रानुसार नगरपालिकाले कोषबाट प्राप्त गरेको ऋण र सोको किस्ता सम्वन्धी विवरण निम्नानुसार छः

| आयोजना | ऋण रकम | | २०७५आषढसम्म भाखा नाघेको | | |
|---|---|---|---|---|---|
| | शुरुको | हालसम्मको | सांवा | व्याज | जम्मा |
| सञ्जीवनी स्कूल | ५२९८७८।०० | ४२३९०२५।०० | ०।०० | ०।०० | ०।०० |
| पसल भवन निर्माण | ४३१३३०७।९६ | २३४९७१२।१३ | ०।०० | ०।०० | ०।०० |
| काभ्रे खानेपानी | ८५४२६१८१।८३ | ८५४२६१८१।८३ | ४४८४६९५।७३ | ४२७२०७६।९४ | ८७५६७७२।६७ |
| **जम्मा** | **९०२६९३६७।७९** | **९२०१४९१८।९६** | **४४८४६९५।७३** | **४२७२०७६।९४** | **८७५६७७२।६७** |

नगरपालिकाले ऋण सम्वन्धी अभिलेख नराखेकोले सोसम्वन्धी परीक्षण गर्न सकिएन । कोषको पत्रमा सञ्जीवनी स्कुलको लागि लिएको ऋण शुरुको भन्दा ८ गुणा बृद्धि देखाएकोमा संझौता सम्वन्धी कागजात प्रस्तुत हुन नसकेकोले सो रकम यकिन हुन सकेन ।

४. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७७ बमोजिम आन्तरिक लेखापरीक्षकले औल्याएको कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराई स्रेस्ता अद्यावधिक गरेको पाइएन ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५को आर्थिक कारोवार तथा खाता सञ्चालन सम्वन्धी परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविक गाउँ विकास समितिहरुको पेश्की तथा बेरुजू अभिलेख नगरपालिकामा कायम गरी फछ्र्यौट गर्नु गराउनु पर्नेमा गराएको छैन ।
- नगरपालिकाले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | • आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिई राख्ने र कैफियत देखिएका विषयको कार्यान्वयन गर्ने व्यवस्था बमोजिम जिन्सी निरीक्षण फाराम प्रमाणित गरी राखेको भए तापनि निरीक्षण कर्ताले नियममा तोकेको व्यहोरा खुलाई लिखित प्रतिवेदन दिएको पाइएन । नियम बमोजिम जिन्सी निरीक्षणको लिखित प्रतिवेदन लिई सरकारी संपत्तीको संरक्षण र उपयोगलाई थप व्यवस्थित गर्नु पर्दछ ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । नियमको पालना हुनु पर्दछ ।<br>• नगरपालिकाले स्वीकृत गरेका खानेपानी, सिंचाइ, सडक लगायतका अधिकांश योजनाहरु उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने नीति लिएको परिप्रेक्ष्यमा उपभोक्ता समिति परिचालन सम्वन्धी कार्यविधि बनाई थप व्यवस्थित बनाउनु पर्नेमा सो हुन सकेको पाइएन । उपभोक्ता समितिमार्फत परिचालन सम्वन्धी कार्यविधि बनाई उपभोक्ता समितिको गठन, दर्ता, काम, कर्तव्य र अधिकार लगायतका विषयलाई व्यवस्थित गर्न आवश्यक देखिन्छ ।<br>• साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछिपनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।<br>• अधिकांश सडक तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गर्नुपर्दछ ।<br>• स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागित अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । | | |
| ५. | **लक्ष्य र प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको निर्णय पुस्तिकामा समय समयमा प्रगति समिक्षा सम्वन्धी कार्यसूची राखेको भए तापनि सशर्त, नीःशर्त तथा आन्तरिक श्रोतबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदनलाई स्वीकृत ढाँचामा र तुलनायोग्य हुने गरी अभिलेखिकरण नगरेकोले नगरपालिकाले गरेको खर्चको सममुल्यता विश्लेषण गर्न सकिएन । प्रगति प्रतिवेदन तयार गरी समीक्षा गर्दा योजना तथा कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता आउने भएकोले नगरपालिकाले यसतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ । | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ६. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १९ प्रतिशत, दोश्रो चौमासिकमा २७ प्रतिशत र तेश्रो चौमासिकमा ५४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा ३५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सनतुलित खर्च व्यवस्थापन भएको देखिएन । | | |
| ७.<br><br><br><br><br><br><br>८.<br><br><br><br><br><br><br><br>९. | **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । वडा कार्यालयहरुमा जनशक्ति तथा भौतिक पूर्वाधारहरुको व्यवस्था भै नसकेको कारण वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्न सकेको देखिएन । पूर्वाधार सहितको दक्ष जनशक्ति व्यवस्था गरी कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br><br>**स्थनीय तथ्याङ्क र अभिलेख**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।<br><br>**योजना:** नगरपालिकाले पुँजिगत बजेटबाट व्यहोर्ने गरी रु.१८,११,१५,०००।-को २८५ योजना/कार्यक्रम स्वीकृत गरेकोमा २२५मा रु.१२,२०,८६,६३५।३१ खर्च गरेको देखिन्छ । योजना छनौट गर्दा वस्तीस्तर, वडास्तरबाट माग भई आएका योजनाहरुमध्ये प्राथमिकतामा परेका योजनाको सर्भेक्षण तथा लागत अनुमान बमोजिम विनियोजन गर्नुको सट्टा बडागत रुपमा दामासाहीले बजेट विनियोजन गरी त्यसलाई पनि स-साना योजनामा बाँडफाँड गरेको पाइयो । यसले गर्दा योजनाहरुले पूर्णता पाउन लामो समय लाग्ने र अधिल्लो वर्षको | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | संरचनामा प्राकृतिक तथा मानविय कारणले क्षति भै लागत बढ्न जाने देखिन्छ। नगरपालिकाले योजनाहरुलाई बस्तुगत रुपमा प्राथमिकिकरण गरी लामो समयसम्म अधुरो नहुने गरी कार्यान्वयन गर्नु पर्दछ। | | |
| १०. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | | |
| ११. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। | | |
| १२. | **भारी उपकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। उपभोक्ता समितिहरुले माटो खन्ने पुर्ने कार्यसंग सम्वन्धित खेलमैदान निर्माण, सडकको ट्र्याक खोल्ने एवं मर्मत संभार गर्ने लगायतका योजनाहरुमा डोजर, एक्साभेटर जस्ता भारी उपकरणहरुको प्रयोग भएको पाइएको छ । उपभोक्ता समितिले निर्माण व्यवसायीहरुसंग सोझै भाडा संझौता गरी डोजर/एक्साभेटर प्रयोग गरेबाट स्थानीय साधन/श्रमको उपयोग हुन नसकेको, वातावरणमा प्रतिकुल असर परेको र अप्रत्यक्ष रुपमा निर्माण व्यवसायीलाई ठेक्का हस्तान्तरण हुन गएको देखिन्छ। भारी उपकरण प्रयोगलाई व्यवस्थित गर्न नगरपालिकाले कार्यविधि/मार्गदर्शन तर्जुमा गरी हालको स्थितिमा सुधार गर्नु पर्दछ। | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| १३. | **दरवन्दी तथा पदपूर्ति:** नगरपालिकाले उपलब्ध गराएको दरवन्दी तथा पदपूर्तिको विवरण अनुसार कुल दरवन्दी ७४ मध्ये ५४ मात्र पूर्ति भै २० पद रिक्त रहेको देखिन्छ। दरवन्दी अनुसार पदपूर्ति नहुँदा एकै कर्मचारीलाई दोहोरो जिम्मेवारी दिन परेको र सेवा प्रवाहमा असर पर्न गएको देखिन्छ। यसमा सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ। | | |
| १४. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ। व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। सभाको निर्णयानुसार यो आर्थिक वर्षमा एकमुष्ठ रु. ७५,६४,०००।- आन्तरिक आय खातावाट कर्मचारी कल्याण कोष खातामा ल्याएको देखियो। नगरपालिकाको आर्थिक दायित्व न्यूतिकरण गर्न योगदानमा आधारित अवकास सुविधा सम्वन्धी नियम तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ। | | |
| १५. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको पाइयो। नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ। | | |
| १६. | **बैठक भत्ता:** प्रदेश नं. ३ सरकारले मिति २०७५।१।२० मा राजपत्रमा प्रकाशन गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा नगरपालिकाका पदाधिकारीहरुले पदमा वहाली देखि नै पाउने गरी मासिक सुविधाको सीमा तोकेको छ, । यो वर्ष कार्यालयले कार्यदल, विशेष समिति, वडा समिति, कार्यपालिका र नगरसभा बैठकका पदाधिकारी तथा सदस्य र कर्मचारीहरु समेतलाई कुल रु.३० लाख ४५ हजार भुक्तानी गरेकोमा निम्नानुसार देखिएको रु.<br><br>१) ऐनको दफा ४ सम्वन्धित अनुसूची- १ अनुसार न्यायीक समिति र ३ विशेष समितिको लागि बैठक भत्ता दिनसक्ने व्यवस्था रहेकोमा वडा समिति तथा नगर कार्यपालिका बैठक र नगरसभाका सदस्यहरुलाई समेत बैठक भत्ता भुक्तानी गरी रु.२३,०८,०००।- भुक्तानी गरेको छ। कानूनमा व्यवस्था नगरी यस्तौ बैठक भत्ता भुक्तानी दिन मिल्ने देखिदैन। | २३,३६,५००.०० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | २) ऐनले न्यायीक समिति र ३ वटा विशेष समितिको बैठकमा दिन सक्ने भत्ता दर रु.५०० तोकेको छ। उक्त समितिलाई यो वर्ष रु.१,०००।- दरले रु. ५७,०००।- भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको रु.२८,५००।- असुल गर्नु पर्दछ। | | |
| १७. | **पोषाक भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा पदाधिकारी तथा सदस्यहरुलाई पोषाक भत्ता दिने व्यवस्था छैन। नगरपालिकाले ६१ पदाधिकारी तथा सदस्यहरुलाई रु.७,०००।- दरले पोषाक भत्ता भुक्तानी गरेको पाइएकोले कानूनमा नभएको सुविधा भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु. | ४,२७,०००.०० | |
| १८. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा कारोवार सञ्चालन हुने स्थानीय सञ्चित कोषको सञ्चालन, व्यवस्थापन तथा प्रतिवेदन प्रणालीमा एकरुपता कायम गर्न एकिकृत आर्थिक संकेतको वर्गिकरण र व्याख्या, २०७४ अनुरुप विकास गरी महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराएको 'प्रदेश तथा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA)' प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष उक्त सफ्टवेयरको प्रयोग नगरी विगत वर्षमा प्रयोग हुँदै आएको साङ्ग्रिला सफ्टवेयरलाई निरन्तरता दिएको पाइयो। नेपाल सरकारले स्वीकृत गरी उपलब्ध गराएको सफ्टवेयर प्रयोग गर्नु पर्दछ। | | |
| १९. | **सामाजिक सुरक्षा भत्ताः** दोस्रो र तेस्रो किस्ताको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्वन्धमा नगरपालिका र राष्ट्रिय बाणिज्य बैङ्क, एन.आई.सि. एसिया, देव विकास, सिभिल र सेन्चुरी कमर्सियल बैङ्कसंग भएको छुट्टा छुट्टै सम्झौतामा सामाजिक सुरक्षा भत्ता सम्वन्धित लाभग्राहीको खातामा दाखिला गरी १५ दिनभित्र स्टेटमेण्ट नगरपालिकालाई दिनु पर्ने, लगत कट्टा भएका लाभग्राहीको रकम फिर्ता गर्नु पर्ने, एक आ.व.भित्र कत्ती पनि रकम नझिक्ने लाभग्राहीको विवरण नगरपालिकालाई पठाउनुपर्ने, संझौता बमोजिम कार्य भए नभएको अनुगमन गर्न एक अनुगमन समिति गठन हुने लगायतका सर्त रहेको छ। तर उक्त सर्तको पालना सम्वन्धमा अनुगमन भए गरेको पाइएन। यसमा सुधार हुनु पर्दछ।<br><br>संझौता भएका मध्ये ४ बैङ्कले के.वाइ.सी. अद्यावधिक नभै आ.व.को अन्त्यमा केही रकम बचत रहेको उल्लेख गरी लेखापरीक्षणको समयमा दाखिला गरेको भए तापनि एन.आइ.सि एसिया बैङ्कले के.वाइ.सि. अध्यावधिक नै नगरी लाभग्राही खातामा जम्मा गरेकोले कुनै पनि रकम फिर्ता गरेको देखिएन। तत्सम्वन्धमा | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | छानविन हुनु पर्दछ। साथै आगामी दिनमा बैङ्कबाट दिएको भुक्तानी लक्षित लाभग्राहीमा पुगे नपुगेको सम्वन्धमा नियमित अनुगमन गर्नु पर्दछ।<br><br>**पूँजिगत खर्चतर्फ** | | |
| २०. | भौ .नं ५० मिति २०७४।७।२३ वडा नं.९ कोइराला फुयाल टोल हुदै सल्ले पानी मोटर बाटो मर्मत कार्यमा मेशिन द्वारा ७५९.३८ घ मी ( मु अ कर समेत) ८२।४९ का दरले रु.६२,६४१।२५ मा जनश्रमदान रु. १२६४१।२५ कट्टा गरी रु. ५०,०००। उपभोक्ता समितिका अध्यक्ष शिव प्रसाद फुयाललाई भुक्तानी गरेको छ। मेशिन प्रयोग गरी भएको कार्यमा मुल्य अभिबृद्धि कर सहितको दरबाट भुक्तानी गरेकोमा उक्त कर भुक्तानी गरेको प्रमाण स्वरुप कर विजक पेश नभएकोले मुल्य अभिबृद्धि कर भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रु. | ७२०६.०० | |
| २१. | **पिपलबोट भट्टेडांडा काभ्रे भञ्ज्याङ्ग सडक निर्माण:** पिपलबोट भट्टेडांडा काभ्रे भञ्ज्याङ्ग सडक निर्माणको लागि रु.९३२१४३८।९७ को लागत अनुमान स्विकृत गरी उपभोक्ता समितिसंग भएको संम्झौता अनुसार रु.९३,१९,५९५। को कार्य सम्पन्न गरेको मूल्याकंन अनुसार खर्च गरेकोमा देखिएको व्यहोरा निम्न अनुसार छन्।<br>१) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ बमोजिम निर्माण कामको भेरिएसन आदेश जारी गर्नुपर्ने गरी कुल संम्झौता रकममा फरक नआएको अवस्था नभएता पनि उपभोक्ता समितिले संम्झौता अनुसारको सडक निर्माण कार्यको विभिन्न आइटम वाईज कामहरुको परिमाणमा थप घट हुने गरी कार्य गर्नुको अलावा निम्न आइटमको काम समितिबाट गर्दै नगरेकोले अवस्थामा पनि प्राविधिक पुष्टयाइँ र कारण उल्लेख नगरी कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरेको छ। आवश्यक नपर्ने काम लागत अनुमानमा समावेश गरेको हो वा उपभोक्ता समितिले संम्झौता बमोजिम काम नगरेको हो पुष्ट्याई पेश हुनु पर्दछ। | | |

| कामको विवरण | गर्नुपर्ने काम | रकम | कैफियत |
|---|---|---|---|
| proving and placing machine mixed cement concrete for the foundation and footing etc. including compaction…. | ४४.५५ घ.मी. | ६०३७६६। | पुरै काम नगरेको |
| proving laying bending cutting and placing of torsteel reinfofocement over the concrete surface with sufficient… | १.५३४५ घ.मी. | १५६०४५। | पुरै काम नगरेको |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td><table><tr><td>fabrication of gabion boxes/mattreses with diapharagms inclucding rolling,cutting and weaving..</td><td>६४.०० घ.मी.</td><td>३३०९८७</td><td>पुरै काम नगरेको</td></tr></table>
२) लागत अनुमान तयार गर्दा कामदार,औजार र ठेक्काको बीमाको लागी रु.२५०००। को व्यवस्था गरेकोमा उपभोक्ता समितिसंग भएको संझौता अनुसार २०७४।११।१० देखि २०७५।२।३० भित्र कार्य सम्पन्न गर्नुपर्ने उल्लेख भएको छ । सोही अवधि भित्रको बीमा गर्नुपर्नेमा २० जना कामदारको २०१८।४।२२ देखि २०१९।४।२३ सम्मको एक वर्षे बीमा गरेको देखिएकोले संझौता तथा कार्य शुरु भएको अवधि पछि २०७५।१।९ देखिको मात्र बीमा गरी बीमा वापतको रकम भुक्तानी लिएकोले लागत अनुमानमा बीमाको रकमको व्यवस्था गरेको उद्देश्य अनुसार बीमा गरेको देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>२२.</td><td>उपभोता समिति : शारदाबतासे शंखु पाटीचौर पिप्ले नमोबुद्ध सडक निर्माण कार्यको लागि २ प्याकेजमा संझौता गरी उपभोक्ता समिमिलाई रु.१,२१,९२,२१६।०० भुक्तानी गरेकोमा निम्नानुसार देखिएको ।<br>
१) सार्वजनिक खरिद नियमावली,२०६४ नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिनेछ भनी उल्लेख छ । नगरपालीकाले एक करोड भन्दा बढी लागत अनुमान भएको योजनाको लागत अनुमानलाई टुक्रा गरी २ प्याकेजमा उपभोक्ता समितिबाट कार्य गराएको नियम सम्मत देखिएन । यस तर्फ नगरपालिकाले ध्यान दिनु पर्ने देखियो ।
<table>
<tr><th>कामको विवरण</th><th>लागत अनुमान</th><th>खर्च रकम</th></tr>
<tr><td>शारदाबतासे शंखु पाटीचौर पिप्ले नमोबुद्ध सडक निर्माण</td><td>५३,९९,७३४।९७</td><td>५३,९७,१००।७१</td></tr>
<tr><td>शारदाबतासे शंखु पाटीचौर पिप्ले नमोबुद्ध सडक निर्माण</td><td>६५,९९,४३५।९०</td><td>६७,९५,११६।००</td></tr>
<tr><td>जम्मा</td><td>११९९९१७०।८७</td><td>१२१९२२१६।७१</td></tr>
</table>
२) भौ नं ५७० मिति २०७५।३।२१ शारदाबतासे शंखु पाटीचौर पिप्ले नमोबुद्ध सडक निर्माण वडा नं.१० र १२ को अन्तिम बिलको प्राविधिक मुल्याकंन अनुसार जम्मा काम भएको रु.६४,०५,८२०। -मा अघिल्लो विलको भुक्तानी गरेको रु.५१,५०,९९७-कट्टा गरी रु.१२,५४,८२३।- मात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले रु.१२,८२,०४०।- भुक्तानी गरेकोले उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको रु.२७,२१७- असुल गर्नुपर्ने रु.</td><td>२७,२१७.००</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| २३. | **मुल्य अभिबृद्धि करः** सार्वजनिक खरिद नियमावली,२०६४ नियम ९७ को उप नियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य दिंदा (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, जनसहभागिताको अशं कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री तथा सेवामा मुल्य अभिबृद्धि कर समेत थप गरेको दरमा लागत अनुमान तयार गर्ने गरेको छ । उपभोक्ता समितिले निर्माण सामाग्री खरिद गर्दा र सेवा प्राप्त गर्दा आपूर्तिकर्ताबाट विजक लिएको नलिएको एकिन गर्न सकिने अवस्था नदेखिएकोले मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री खपत हुने परिमाण र मुल्य अभिबृद्धि कर लाग्ने रकम देखिने गरी लागत अनुमान तयार गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । | | |
| २४. | **जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा कुनै प्रकारले प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बांधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । कार्यालयले खरिद गरी प्राप्त भएका ल्यापटप, क्यामरा र प्राजेक्टर लगायत विभिन्न खर्च भएर नजाने जिन्सी मालसामानको विवरण तथा स्पेसिफिकेसन खुलाउनु पर्नेमा स्पेसिफिकेसन महलमा थाहा नभएको भनी सामानको नाम र मुल्य मात्र खुलाई आम्दानी बाधेकोले कारण प्राप्त जिन्सी मालसामानको उचित संरक्षणको लागि सवै विवरण खुलाई जिन्सी कितावमा आम्दानी बांधने व्यवस्था गर्नु पर्दछ । | | |
| २५. | **कन्टेन्जेन्सी खर्चः** कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माणसंग प्रत्यक्ष सम्वन्धित अन्य भैपरि आउने कार्यको लागि ५ प्रतिशत रकम कन्टेन्जेन्सी रकम छुट्याउने गरेको छ । कार्यालयले सो रकम निर्माण कार्यसंग सम्वन्धित कार्यमामात्र खर्च गर्नु पर्नेमा विभिन्न कार्यमा खर्च गरेको छ । कन्टेन्जेन्सी रकम मध्ये कति कहा खर्च भयो भनी योजना अनुसारको अभिलेख राख्नु पर्नेमा योजनाबाईज अभिलेख नराखेको कारण कहाँ कति खर्च भयो एकिन गर्न सकिने अवस्था भएन । वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कै बखत कन्टिन्जेन्सी रकमको अनुमान गरी खर्चको लागि बाँडफाँड गर्ने विगत वर्षको असल अभ्यासलाई पनि अनुसरण नगरेकोले यस्तो खर्च नियन्त्रित र मितव्ययी हुन सक्ने पनि देखिएन । यसमा सुधार हुनु पर्दछ । | | |
| २६. | **एच डि पि पाईप खर्च :** भौ नं ५२० मिति २०७५।३।२० छागे खानेपानी उपभोक्ता समितिको विल अनुसार पेश्की रु.१७५५००। कट्टा गरी रु.५८४९८९। भुक्तानी गरेको छ । समितिले सम्पन्न कामको नापी किताब अनुसार ३२०० मिटर पाईप लाईनको लागि खन्ने पुर्ने काम गरेको देखाइएको छ भने सोही नापी किताबमा विभिन्न साईजको ४५५० मिटर पाईप खरिद तथा जडान गरेको उल्लेख गरी खन्नेपुर्ने परिमाण भन्दा १३५० मिटर बढी पाईप खरिद तथा जडान गरेको देखाएको छ । भिरालो स्थानमा ट्रेञ्च खन्न नमिली सतहमै पाइप जडान गरेकोले पाइप जडान र खन्ने पुर्ने कामको अनुपात नमिलेको सम्वन्धित प्राविधिकको भनाइ रहेको छ | | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th><th>फछ्यौंटको विवरण</th></tr>
<tr><td></td><td>। पोलिथिन पाइपलाई निश्चित गहिराइमा नपुर्दा प्राकृतिक तथा मानविय कारणले क्षति हुन जाने भएकोले पुरा आयुसम्म टिकाउ हुन सक्ने देखिदैन । यस सम्वन्धमा कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>२७.</td><td>बढी भुक्तानी: भौ नं ५९७ मिति २०७५।३।२८ के यु ( अघोरी बाबा ) तिमिल्सिना चोक हुदै बनेपा जाने सडक मर्मतको प्राविधिक मुल्याकंन अनुसार रु.१४,९५,५३२।९१ मा ३ प्रतिशत कन्टेन्जेन्सी रु.७४,७९२।७१ समेत गरी रु.१५,७०,३२५। उपभोक्ता समितिको विल तयार गरेकोमा कार्यालयले कन्टेन्जेन्सी वापतको रु.७४,७९२।७१ कट्टा गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा रु.६२८२५। मात्र कट्टा गरेकोले रु. ११,९६७ । उपभोक्ता समितिलाई बढी भुक्तानी हुन गएको असुल गर्नुपर्ने रु.</td><td>११९६७.००</td><td></td></tr>
<tr><td>२८.</td><td>परामर्शदाता छनौट: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ अनुसारको कार्य क्षेत्रगत शर्त विवरण सहित नियम ७२ अनुसार परामर्शदाताबाट सेवाको लागि मौजुदा सुचीमा रहेको परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्नुपर्ने उल्लेख गरेको छ । नगरपालिकाले देहायका विषयमा परामर्श सेवा लिन निम्न व्यक्तिहरुलाई परामर्शदाताको रुपमा छनौट गरेकोमा नियममा उल्लेख गरेको प्रक्रिया बमोजिम छनौट गरेको नपाइएकोले र प्राप्त प्रतिवेदन क्षेत्रगन शर्त बमोजिम भए नभएको सम्वन्धित कर्मचारीले प्रमाणित गरेको नपाइएकोले उक्त भुक्तानी नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ. नं. /मिति</th><th>परामर्शदाताको नाम</th><th>अध्ययनको विषय/सेवाको विवरण</th><th>रकम</th></tr>
<tr><td>६०५।०७५।३।२८</td><td>गोविन्द प्रसाद अधिकारी</td><td>नगरपालिकाको वालबालिकाको अवस्था</td><td>३०००००।</td></tr>
<tr><td>६१२।०७५।३।२९</td><td>अर्जुन प्रसाद भट्टराई</td><td>बालबालिकाको स्थितिपत्र तयारी कार्य</td><td>१४००००।</td></tr>
</table>
चालू खर्चतर्फ</td><td>४४००००/</td><td></td></tr>
<tr><td>२९.</td><td>पेश्की फछ्यौंट: (भौ.७३३।२०७५।३।२८) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । वडा नं ९ का वडा सचिव गितानाथ धितालले वैठक भत्ता, कार्यालय संचालन सम्वन्धी खर्चको लागि लिनु भएको पेश्की रु.२,७८,१००।- फछ्यौंट गर्दा रु.८०,०७८।- को विल भर्पाई नपुग देखिएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...</td><td>८०,०७८/-</td><td></td></tr>
<tr><td>३०.</td><td>अग्रिम कर: आयकर ऐन, २०५८ को दफा ८९ मा अग्रिम कर कट्टी गर्नु पर्ने व्यबस्था छ । वडा नं.११ का सचिव श्री सुवर्णदास श्रेष्ठले मसलन्द सामान खरिदको लागि लिएको पेश्की रु.२,५०,०००।- फछ्यौंट गर्दा भुक्तानीमा कट्टि गर्नुपर्ने कर रु.३७५०।- कट्टि गरेको नपाइएकोले उक्त कर रकम दाखिला हुनुपर्ने रु...</td><td>३,७५०/-</td><td></td></tr>
<tr><td>३१.</td><td>पारिश्रमिक कर : आयकर ऐन २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले निजको रोजगारी तथा लगानीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखांकन गर्नु पर्ने व्यवस्था रहेको छ ।</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td>निम्न भौचर र मितिवाट कार्यालयका पदाधिकारी र कर्मचारीहरुलाई वितरण गरिएको देहाय बमोजिमको रकमलाई बार्षिक आयमा समावेश गरी करकट्टी गर्नुपर्नेमा सो गरेको नपाइएको नियमानुसार कर कट्टी गर्नुपर्ने रकम दाखिला हुनुपर्ने रु...
<table>
<tr><th>भौ.। मिति</th><th>विवरण</th><th>संख्या</th><th>वितरण रकम</th><th>लाग्ने कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>१५/२०७४/५/२३</td><td>चाडवाड खर्च</td><td>२५</td><td>६४८०८२.००</td><td>६४८०.००</td><td></td></tr>
<tr><td>२८५/२०७४/१२/९</td><td>पोशाक भत्ता</td><td>४०</td><td>२८००००.००</td><td>२८००.००</td><td>प्रतिपदाधिकारी रु.७०</td></tr>
<tr><td>५७४/२०७५/३/८</td><td>,,</td><td>२१</td><td>१४७०००.००</td><td>१४७०.००</td><td>,,</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१०७५०.००</td><td></td></tr>
</table></td><td>१०,७५०/-</td><td></td></tr>
<tr><td>३२.</td><td>निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ र स्वास्थ्य सेवा तर्फः स्वास्थ्य सेवा ऐन, २०५३ को ८(क) ५ अनुसार कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएरमात्र तलव खर्च लेख्नुपर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष स्वास्थ्य सेवातर्फको कर्मचारीहरुलाई रु.२,०८,९४,०००।- तलव खर्च लेखेकोमा तवली प्रतिवेदन पास नगरेकोले कर्मचारीहरुलाई भुक्तानी दिएको तलव तथा ग्रेड भिडान गर्न सकिएन । तसर्थ ऐनको व्यवस्था बमोजिम प्रतिवेदन पास गरेरमात्र तलव भत्ता भुक्तानी गर्नु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>३३.</td><td>पेश्की बाँकीः आर्थिक कार्यविधि नियमावली, २०६४को परिच्छेद ९मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धी प्रक्रिया व्यवस्था रहेको छ। निशर्त अनुदानबाट गएको निम्नानुसार पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नगरी बाँकी रहेको पाइएकोले नियमावलीको व्यवस्था बमोजिम असुल फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>पेश्की मिति</th><th>पेश्की लिनेको पद, नामा</th><th>पेश्की रकम</th></tr>
<tr><td>२०७४।६।९</td><td>ह.स.चा. पाँचौ सनमान तामाङ्ग</td><td>२४०००।००</td></tr>
<tr><td>२०७४।११।२५</td><td>इञ्जिनियर हरेराम होमागाई</td><td>३६०००।००</td></tr>
<tr><td>२०७४।१२।२१</td><td>खड्गी सेवा समिति, धुलिखेल</td><td>२००००।००</td></tr>
<tr><td>२०७४।१२।२१</td><td>श्रीखण्डपुर चाडपर्व व्यवस्थापन समिति वडा नं.८</td><td>१७०००।००</td></tr>
<tr><td>२०७४।१२।२६</td><td>श्रीखण्डपुर ढल प्रशोधन केन्द्र वडा नं.९</td><td>५००००।००</td></tr>
</table></td><td>१४,१५,७००.००</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | |
|---|---|---|
| २०७५।३।२५ | खरिदार इश्वर प्रसाद सापकोटा | २२४०००।०० |
| २०७५।३।३१ | सरस्वती बजारमा बातावरण मैत्रीपार्क निमाण उपभोक्ता समिति | ७९४७००।०० |
| | तामाङटोल बिधुतिकरण उपभोक्ता समिति | १६००००।०० |
| | चौकोटबाट धुलिखेल जाने ढलान उपभोक्ता समिति | ७५०००।०० |
| | बेकुलामार्ग टोल बिकास संस्था | १५०००।०० |
| | जम्मा | ११६५७००।०० |

३४. **न्यायीक समितिः** यो वर्ष न्यायिक समितिमा १७ निवेदन पर्न आएकोमा १३ वटा फछ्र्यौट भई ४ प्रक्रियमा रहेको विवरणबाट देखिन्छ ।

३५. **वित्तीय जवाफदेहिताः** नगरपालिकाको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन, सेवा प्रवाह, खरिद व्यवस्थापनसमेतको आधारमा मुल्याङ्कन गर्दा ६५ प्रतिशत अङ्क प्राप्त भएको छ (अनुसूची-१ सम्लग्न छ)। नगरपालिकाको वित्तीय जवाफदेहिता अभिबृद्धि गर्न थप प्रयास गर्नु पर्दछ ।

३६. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) | यो वर्ष फछ्र्यौट | बाँकी |
|---|---|---|
| **६६२९४०००।-** | **पेश नभएको** | **६६२९४०००।-** |

३७. **अद्यावधिक बेरुजु स्थिति :** नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. | यो वर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|
| **विवरण प्राप्त नभएको** | **नभएको** | **७७६२८७४।-** | **७४०५६८७४।** |

उल्लेखित बेरुजू ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची - १

# वित्तीय जवाफदेहिता मूल्याङ्कन

**कार्यालयको नाम:** धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक **आर्थिक वर्ष:** २०७४।७५

| क्र.सं. | सूचकहरू (Indicators) | कूल अङ्कभार | कूल प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १. | **व्यवस्थापकीय पक्ष (सूचक संख्या : ५)** | | **१७** | |
| | i. संगठन संरचना, दरबन्दी र पदपूर्ती, कार्यविवरण तथा जिम्मेवारी बाँडफाँडको स्थिति, | ५ | ३ | |
| | ii. सञ्चालित कार्यक्रम वा सेवाको अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता, | ५ | ३ | |
| | iii. कार्यालयको भौतिक पूर्वाधार तथा सरसफाईको अवस्था, | ५ | ३ | |
| | iv. गुनासो सुनुवाई तथा तालुक निकायबाट हुने निरीक्षण र निर्देशन कार्यान्वयको अवस्था, | ५ | ४ | |
| | v. सरकारी सम्पत्तिको लगत, संरक्षण, जिन्सी निरीक्षण तथा सोको प्रतिवेदन कार्यान्वयन स्थिति | ५ | ४ | |
| २. | **वित्तीय व्यवस्थापन पक्ष (सूचक संख्या : ५)** | | **१२** | |
| | i. निकायको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वयनको स्थिति, | ५ | ४ | |
| | ii. विनियोजन, राजस्व, धरौटी लगायत सबै आर्थिक कारोबार अभिलेख र प्रतिवेदनको अवस्था, | ५ | ३ | |
| | iii. आन्तरिक लेखापरीक्षण र सोबाट औंल्याइएका व्यहोरा कार्यान्वयनको स्थिति, | ५ | २ | |
| | iv. अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजूको लगत र फछ्र्यौटको स्थिति, | ५ | १ | |
| | v. वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था । | ५ | २ | |
| ३. | **सेवा प्रवाह (सूचक संख्या : ५)** | | **१८** | |
| | i. कार्यालयमा रहेका सेवा प्रवाहसँग प्रत्यक्ष सरोकार राख्ने मेसिन तथा उपकरणहरु प्रयोग रहे नरहेको, | ५ | ४ | |
| | ii. सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाहको स्थिति, | ५ | ४ | |
| | iii. सेवा मापदण्ड निर्धारण, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली, हेल्प डेक्स प्रणाली कार्यान्वयनको अवस्था | ५ | ३ | |
| | iv. निकायबाट प्रवाह हुने सेवाको नागरिक बडापत्र तथा सेवाको गुणस्तर सुधारका सम्बन्धमा उपयुक्त उपायहरुको अवलम्बन, | ५ | ३ | |
| | v. कार्यालयको सेवामा मध्यस्थ वा विचौलिया उपस्थितिको अवस्था । | ५ | ४ | |
| ४ | **खरिद व्यवस्थापन/विकास निर्माण (सूचक संख्या : ५)** | | **१८** | |
| | i. खरिद कार्यको स्पेसिफिकेसन, डिजाइन र लागत अनुमान यथार्थताको अवस्था, | ५ | ४ | |
| | ii. खरिद विधिको पालना र प्रतिस्पर्धाको स्थिति, | ५ | ४ | |
| | iii. ठेक्का व्यवस्थापनमा समयतालिकाको पालना र पुँजीगत खर्चको स्थिति, | ५ | ३ | |
| | iv. ठेक्काको सम्झौताअनुसार खरिद कारबाहीको सम्पन्नता तथा सम्झौताअनुसार खरिद कार्य नभएको अवस्थामा त्यस उपर गरिएको कारबाहीको स्थिति, | ५ | ४ | |
| | v. तोकिएको मापदण्डअनुसार सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको स्थिति । | ५ | ३ | |
| | **जम्मा** | **१००** | **६५** | |

| | **कूल पूर्णाक** | **प्रतिशत** | **प्राप्त ग्रेडिङः** |
|---|---|---|---|
| | **१००** | **६५** | **B** |
| | **तह** | **स्कोर** | ग्रेडिंग प्रदान गर्ने आधारः |
| | अति उत्तम | ८० –१०० प्रतिशत | A |
| | धेरै राम्रो | ६० –७९ प्रतिशत | B |
| | राम्रो | ४० –५९ प्रतिशत | C |
| | सामान्य | ४० भन्दा घटी प्रतिशत | D |